# भोटेकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

फुल्पिङकट्टि, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

फोन नं. : ०११-५९०४६८
ईमेल : ito.bhotekoshimun@gmail.com
वेवसाइट : www.bhotekoshinum.gov.np

पत्र संख्या: २०८०/०८१
चलनी नं. :

मिति: २०८०/११/११

श्री वडा कार्यालय सबै,
भोटेकोशी गाउँपालिका,
फुल्पिङकट्टी, सिन्धुपाल्चोक।

**विषय: बाबुआमा बिहिन बालबालिका संरक्षण कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मिति: २०८०/११/११**

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय बागमती प्रदेश, हेटौंडाको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिका भित्रका बाबुआमा दुवैको मृत्यु वा दुवै बेपत्ता भएका १८ वर्ष उमेर पूरा नगरेका बालबालिकाको मासिक रुपमा भत्ता उपलब्ध गराउने कार्यक्रम भएकोले तपसिलमा उल्लेखित कागतजात सहित सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (मिति:२०८०/११/२६) गते यस कार्यालयमा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

**१. भत्ता प्राप्त गर्ने बालबालिकाको योग्यता:**

- बाबुआमा दुवैको मृत्यु वा दुवै बेपत्ता भएको,
- १८ वर्ष उमेर पूरा नभएको,
- ५ वर्ष उमेर पूरा भएका बालबालिकाको हकमा विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको,
- कुनै गैरकानुनी वा अपराधिक क्रियाकलापमा संलग्न नरहेको,

**२. आवेदनको साथमा संलग्न गर्नुपर्ने कागतजात:**

- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ( नेपाली नागरिकता बनेको भए नागरिकताको प्रतिलिपि)
- बाबु र आमा दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु र आमा दुवै बेपत्ता भएको वडा कार्यालयबाट प्रमाणित कागतजात,
- विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको भनि विद्यालयले दिएको सिफारिस पत्र(पाँच वर्ष उमेर पूरा गरेका बालबालिकाको हकमा मात्र )
- सम्बन्धित व्यक्ति बालबालिकाको संरक्षक हो भन्ने सम्बन्धित वडाको सिफारिस पत्र,
- संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

**बोधार्थ: श्री सूचना प्रविधि अधिकृत , भोटेकोशी गाउँपालिका।**

बीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

**"शिक्षा स्वास्थ्य र पूर्वधारमा गुणस्तर, कृषि जलविद्युत, पर्यटन, खेलकुद र व्यापार- भोटेकोशीको समृद्धिको आधार।**

Scanned with CamScanner